*पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"*

# मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## थुमाकोडाँडा, कास्की

## गण्डकी प्रदेश, नेपाल

सूचना नं: १४

## आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र सम्वन्धी सूचना

**(तेस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/०१ )**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च), ढुङ्गा, गिट्टी ,बालुवा बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ र यस गाउँपालिकाको नदी तथा खानीजन्य पदार्थको उपभोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७मा व्यवस्था भए बमोजिम ठेक्का वन्दोवस्त गर्नका लागि तपसिलमा उल्लेखित नदी/खोलामा रहेको ढुंगा, गिट्टी, वालुवाको लागि मिति २०८३/०४/२६ गते सूचना आवहान गरिएकोमा मिति २०८३/०५/१८ गते, १२:०० बजे सम्ममा र दोश्रो पटकको सूचना अनुसार मिति २०८३/०५/३१ गते १२:०० बजे सम्म बोलपत्र पेश नभएका तपसिल ठेक्काहरुको इच्छुक बोलपत्रदाताले **मिति २०८३/०६/०८ गते दिनको १२:०० बजे भित्र** निवेदन साथ आवश्यक कागजात सहित यस गाउँपालिकाको इमेल ठेगाना **madiruralmunicipality@gmail.com** मा फाइल कम्प्रेस गरि पासवार्ड लगाई बोलपत्र पेश गर्नको लागि **तेस्रो पटक सूचना** आव्हान गरिन्छ।

फाइल **मेल गर्दा Subjectमा ठेक्का नम्बर, बोलपत्रदाताको नाम र सम्पर्क नं अनिवार्य खुलाउनुहुन र फाइलमा राखिएको पासवर्ड बोलपत्र पेश गर्ने समय अवधि सकिए पश्चात बोलपत्र खोल्ने समय सोहि दिनको १३:०० बजे भित्र अनिवार्य उपलब्ध गराउनुहुन अनुरोध छ।** एउटै ठेक्काको कागजात विभिन्न पटक एकै बोलपत्रदाताले मेल गरे अन्तिम मेल अधिकारिक मानिने छ। साथै पासवार्ड नलगाइ मेल गरे वा पासवार्ड उपलब्ध नगराए वा तोकिएको समय पश्चात मेल गरेको अवस्थामा सो बोलपत्र उपर कुनै कारवाही गरिने छैन। **बोलपत्र कागजातका लागि https://madimunkaski.gov.np/ मा** जानुहुन र थप जानकारीको लागि ९८४६७८५७८६ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

### ठेक्का विवरण

| आय ठेक्का नं. | नदी/ खोलाको विवरण | उत्खनन् गरिने स्थान/घाट तथा प्याकेजको विवरण | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर ) | न्युनतम ठेक्का अंक रकम (मु.अ.कर समेत) | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|---|
| 1-B/MRM/IR/083/84 | मकै खोला | प्याकेज-२ (मकै खोला) | ४८०० | १५३२१६० | मु.अ.कर सहित कबोल अंकको ५% |
| 1-E/MRM/IR/083/84 | मादी नदी | प्याकेज-५ (ढकाले ढोड रंजितखोला छहरे भिर, भैसे ड्यामसाइड र चम्टारी घाट) | ८२७७ | २६४२०१८.४ | |

२०८३।०६।०१

.................................

चेतनारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०६१-५०६४००, मोवाईल : ९८५६०७२६००,९८५६०७२६०१,९८५६०७२६०२, Web Site : madimunkaski.gov.np
Email: madiruralmunicipality@gmail.com, info@madimunkaski.gov.np, madimunkaski@gmail.com